**निर्णयहरुः-**

१) मिति २०७७ चैत्र १३ गतेको निर्णय कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।

२) कृष्णनगर नाकामा रहेको स्वास्थ्य डेस्कमा यात्रुको स्वास्थ्य जाँच गर्दा covid-19 पोजिटिभ देखिएको खण्डमा लक्षण देखिएका संक्रमित व्यक्तिलाई स्वास्थ्यकर्मीको निगरानीमा होम आइसोलेसनमा राख्ने र लक्षण देखिएका संक्रमित व्यक्तिलाई अस्पतालमा आइसोलेसनमा राख्ने व्यवस्था मिलाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने। साबिकको महिला तथा बालबालिका कार्यालयमा आईसोलेसन सेन्टर संचालन गर्न कपिलवस्तु अस्पतालले व्यवस्था मिलाउने। नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रलायको च नं. १२४१ मिति २०७७/१२/१६ को पत्रानुसार कोभिड १९ को लक्षण नभएका तर कोभिड-१९ पोजिटिभ व्यक्तिलाई सार्वजनिक सवारीमा यात्रा गर्ने रोक लगाउने र १० दिन आईसोलेसनमा राख्ने व्यवस्था मिलाउने र सो वापतको प्रतिदिन प्रति विरामी रु. २,०००।- (दुई हजार) सोधभर्ना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उपलब्ध गराउने भन्ने निर्णय बमोजिम सम्बन्धित स्थानीय तह र अस्पतालले सोध भर्ना माग गर्ने व्यवस्था मिलाउने। नाका देखि आईसोलेसन सेन्टर सम्मको यातायातको व्यवस्था सम्बन्धित स्थानीय तह / अस्पतालले मिलाउने।

३) समुदायमा Contact tracing तथा hot spot रहेको स्थानमा antigen test को व्यवस्था सम्बन्धित स्थानीय तहले गर्ने। आवश्यक Antigen test kit को व्यवस्था स्वास्थ्य कार्यालयले मिलाउने।

४) सेवाग्राहीको भिडभाड हुने सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुमा fever screening को व्यवस्था मिलाउन सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुलाई निर्देशन दिने।

५) यात्रुवाहक सवारी साधनमा यात्रा गर्ने यात्रुलाई अनिवार्य रुपमा मास्क लगाउन, स्यानिटाइजरको व्यवस्था गर्न, सवारी चालक र सह चालकले अनिवार्य रुपमा मास्क लगाउने, तोकिएको सिट क्षमता भन्दा बढी यात्रु नराख्ने व्यवस्था गर्न र यसको नियमित अनुगमन गर्न यातायात व्यवसायी/ कम्पनीलाई निर्देशन दिने।साथै यसको अनुगमन जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयले गर्ने।

६) विद्यालयहरुमा शिक्षक, कर्मचारी र विद्यार्थीलाई अनिवार्य रुपमा मास्क लगाउन, सामाजिक दुरी कायम गर्न र साबुन पानीले हात धुने व्यवस्था मिलाउन शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत् निर्देशन दिने।

७) उद्योगका मजदुर, पसल, व्यवसाय, हाटबजार, सब्जीमण्डी लगायतका स्थानमा अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्न, मास्क र स्यानिटाइजरको प्रयोग गर्न, साथै स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन सबै उद्योग बाणिज्य संघलाई निर्देशन दिने।

२०७८/१/२